**नेपाली / *NEPALI***

लागि: विद्यार्थी, संकाय, कर्मचारी र *postdoc* हरू

बाट: कुलपति Jennifer L. Mnookin, प्रोभोस्ट Charles Isbell Jr.

विषय: अनिश्चितताको बीचमा, हाम्रो उद्देश्यप्रतिको प्रतिबद्धता

मिति: फेब्रुअरी २८, २०२५

लिङ्क: https://news.wisc.edu/mnookin-isbell-amid-uncertainty-a-commitment-to-our-mission/

आदरणीय *Badger* समुदाय,

संघीय स्तरमा हालको गतिविधिबारे केही अद्यावधिकहरू प्रदान गर्न र हामी र UW–Madison का अन्य अगुवाहरूले यी कार्यहरूको असर मूल्याङ्कन गर्न र धेरै स्तरहरूमा प्रतिक्रिया दिन कसरी जारी राख्न सक्छौं भन्ने जानकारी दिन हामी आज लेख्दैछौँ।

तपाईंहरूलाई थाहा छँदै छ, संघीय सरकारले गति र व्यापकता साथ कार्यकारी आदेश (*Executive Order*) र सम्बन्धित एजेन्सी कार्यहरू र निर्देशनहरू जारी गरि नै रहेको छ। ती मध्ये केहीले हाम्रा गतिविधिहरू र हाम्रा कार्यहरूमा महत्त्वपूर्ण रूपमा अवरोध ल्याउने सम्भावना देखाएका छन्। हालैको उदाहरणमा बुधबार साँझ जारी गरिएको कार्यकारी आदेश पर्छ, जसले हरेक संघीय एजेन्सीको प्रमुखलाई आउँदो ३० दिनभित्र समग्र संघीय खर्च घटाउनको लागि समावेश ठेक्का र अनुदान अन्तर्गत वितरण गरिएका कोषहरूको समीक्षा गर्न र सम्भावित रूपमा समाप्त गर्न आग्रह गर्दछ। कार्यकारी आदेशले विशेष रूपमा शैक्षिक संस्थाहरूसँग गरिने ठेक्काहरू र अनुदानहरू जाँच्न प्राथमिकता दिएको छ। पहिलो कार्यकारी आदेशहरू मध्येको एकले *DEI* गतिविधिहरू र "वातावरणीय न्याय" अनुसन्धानको समाप्तिसँग कोषलाई जोड्यो, जहाँ ती मध्ये कुनैको पनि परिभाषा दिइएको थिएन; मेरिल्याण्ड अदालतले उक्त कार्यकारी आदेशविरुद्ध प्रारम्भिक निषेधाज्ञा जारी गरेको छ।

यी संघीय आदेश, कार्य र निर्देशनहरू आइरहने क्रममा, तिनीहरू मध्ये केहीले प्रमाणमा आधारित अनुसन्धान, शैक्षिक स्वतन्त्रता, बहुलवाद, पहिचान र दृष्टिकोणको विविधता, हाम्रो समुदायको समर्थन र भेदभाव नगर्ने, जस्ता हाम्रा दीर्घकालीन मान्यताहरूमा गहिरो चिन्ता र सम्भावित द्वन्द्व बनाउँछन्। यी हाम्रो उद्देश्य र हाम्रो संस्थाको लागि मुख्य मानहरू रहेका छन् र रहन्छन्। हामी अनिश्चित समयबाट गुज्रिरहेका छौं र यस अनिश्चितताले पार्ने असरलाई बुझेका छौं। हाम्रो उद्देश्यमा तपाईंको निरन्तर ध्यानको लागि हाम्रो गहिरो प्रशंसा छ।

**संघीय लगानी र अप्रत्यक्ष भुक्तानी**

*NIH* र अप्रत्यक्ष भुक्तानीमा प्रस्तावित १५% कोष सीमासँग सम्बन्धित कानूनी कार्यमा अस्थायी रोक आदेश जारी रहेको छ, जसले हाम्रो अनुसन्धान उद्यममा ठूलो नकारात्मक प्रभाव पार्न सक्छ। *UW–Madison* ले सो आदेश खोज्ने २२ राज्यको मुद्दामा योगदान पुर्‍यायो।

तपाईंलाई सम्भवत थाहा हुन सक्छ, धेरै लगानी गर्ने एजेन्सीहरूमा निरन्तर कटौती र रद्द गर्ने कार्यहरू भइरहेका छन्, विशेष गरी, *NOAA*, *USAID*, *USDA* र शिक्षा विभाग, साथै *NSF* र *NIH* र अन्य एजेन्सीहरूमा कर्मचारी कटौती जारी छन्।

यी कार्यहरूले *UW–Madison* को नयाँ अनुसन्धान प्रस्ताव राख्ने र हालका परियोजनाहरूलाई कार्यान्वयन गर्ने क्षमतामा प्रभाव पार्न सक्ने ठेक्का रद्द गर्न मात्र नसकेर हाम्रो राष्ट्रको ऐतिहासिक शक्तिशाली वैज्ञानिक अनुसन्धानमा पनि ज्यादै ठूलो जोखिम पैदा गर्न पनि सक्दछन्।

यी मध्ये धेरै कार्यहरू अदालतहरूले स्थगित गरेतापनि, प्रस्तावित बदलहरू र असरहरूको दायरा व्यापक छन् र नतिजा सम्भवत संघीय लगानी कटौतीको रूपमा देखिनेछ। थप रूपमा, यो सम्भव छ कि काँग्रेसले अप्रत्यक्ष खर्चहरूमा एक सीमा लागू गर्न वा बजेट मेलमिलाप प्रक्रियाद्वारा वा अरू तरिकाहरूले उच्च शिक्षामा असर गर्ने अन्य कटौती गर्न सक्दछन्।

हामी हाम्रो क्याम्पसमा सम्भावित असररूको दायरा बुझ्नका लागि आर्थिक अनुमान र मोडेलिङ्ग गर्दैछौं र हामीसँग ठोस जानकारी र सम्बन्धित कार्य चरणहरू भएपछि समुदायलाई थप मार्गदर्शन प्रदान गर्नेछौं। निर्णय लिँदा हामी क्याम्पस अगुवाहरू र साझा प्रशासन समूहहरूसँग परामर्श गर्नेछौं र वहाँहरूलाई सूचना प्रदान गर्नेछौं।

**आदरणीय सहकर्मी पत्र (*Dear Colleague Letter*)**

शुक्रबार, फेब्रुअरी १४ मा, शिक्षा विभागको नागरिक अधिकार कार्यालय (*OCR*) ले "आदरणीय सहकर्मी पत्र" भनेर चिनिने पत्र जारी गऱ्यो जसमा नागरिक अधिकार ऐन १९६४, अमेरिकी संविधानको समान संरक्षण धारा, र "अन्य सान्दर्भिक अधिकारीहरू" अन्तर्गत नयाँ प्रशासनले विश्वविद्यालय परिचालनहरूको रूपरेखा र व्यापक तरिकाहरूलाई अनुपयुक्त मानेको छ।

आंशिक रूपमा, *OCR* पत्रमा लेखिएको छ:

"कानून स्पष्ट छ: विविधता, जातीय सन्तुलन, सामाजिक न्याय वा समानता जस्ता अस्पष्ट लक्ष्यहरू हासिल गर्न वर्णको आधारमा विद्यार्थीहरूलाई फरक व्यवहार गर्नु सर्वोच्च अदालतको निर्णय अनुसार अवैध छ। ... संघीय कानूनले यसरी आवरण गरिएका निकायहरूलाई भर्ना, भर्ती, पदोन्नति, क्षतिपूर्ति, आर्थिक सहायता, छात्रवृत्ति, पुरस्कार, प्रशासनिक समर्थन, अनुशासन, आवास, स्नातक समारोह र विद्यार्थी, शैक्षिक र क्याम्पस जीवनका सबै अन्य पक्षहरूमा निर्णयमा वर्णको प्रयोग गर्न निषेध गर्दछ।"

निर्देशनले थप मार्गदर्शन प्रदान गर्ने तर त्यो मार्गदर्शन कहिले उपलब्ध गराइने भन्ने समयसीमा दिएको थिएन। त्यहिपनि, निर्देशनको कार्यान्वयन पत्र जारी भएको १४ दिनपछि, फेब्रुअरी २८ पछि प्रवर्तन शुरू हुन सक्ने सङ्केत दिएको थियो। सार्वजनिक तथा जग्गा अनुदान विश्वविद्यालयहरू (*APLU*), जसको सदस्य *UW–Madison* हो, ले शुक्रबार, फेब्रुअरी २१ मा शिक्षा विभागलाई थप मार्गदर्शन अनुरोध गर्न पत्र पठाएको थियो र *ACE* र अन्य उच्च शिक्षा संगठनहरूले यसलाई रद्द गर्न अनुरोध गरेका छन्। थप रूपमा, फेब्रुअरी २५ मा संघीय अदालतमा दायर गरिएको मुद्दाले उक्त पत्रको कार्यान्वयन रोक्न र *DCL* "अवैध र असंवैधानिक" घोषणा गर्न प्राथमिक रोक आदेश खोजेको छ।

हामीले हाम्रो हालको परिचालनहरू मूल्याङ्कन गर्न र "आदरणीय सहकर्मी" पत्रको प्रतिकृयामा सम्भावित समायोजनहरू, परिमार्जनहरू र परिवर्तनहरू के हुन सक्छन् भन्ने सन्दर्भमा सिफारिस प्रदान गर्न एक कार्य समूहलाई जिम्मा दिएका छौं। हामी स्वीकार गर्छौं कि हामी सबै अपुग जानकारीका साथ काम गरिरहेका छौं, विशेष गरी पत्रका निर्देशनहरू स्पष्ट नभएको कारणले र विद्यमान नागरिक अधिकार कानून वा २०२३ सालको सर्वोच्च अदालतको निष्पक्ष प्रवेशका लागि विद्यार्थीहरूको निर्णयको यस्तो विस्तृत व्याख्याको कानूनी आधारको बारेमा ठोस र वैध प्रश्नहरू छन्। २०२३ सालको सो निर्णयपछि,

विभिन्न क्याम्पस प्रक्रियाहरू, कार्यक्रमहरू र गतिविधिहरूमा धेरै परिवर्तनहरू गरियो र गएको एक वर्षदेखि समीक्षा जारी छ। त्यसकारण, हामीसँग कानूनको पालना गर्ने निर्विवाद जिम्मेवारी छ, जबसम्म हामीसँग अझ स्पष्टता हुँदैन, कार्यसमूहले यस पत्रको अत्यधिक विस्तारित ढाँचामा ध्यान केन्द्रित गरिरहेको छैन, बरु हालको कानून अन्तर्गत हाम्रा हालका गतिविधिहरूको थप मूल्याङ्कनमा ध्यान केन्द्रित गरिरहेको छ। हामी आवश्यक परिवर्तन वा समायोजनहरूको बारेमा अर्को हप्ता कुनै पनि प्रभावित क्याम्पस युनिटहरूलाई अद्यावधिक गर्ने अपेक्षा गर्दछौं।

**संघीय आप्रवासन प्रवर्तन**

म्याडिसनमा वा यहाँका नजिकका क्षेत्रहरूमा पछिल्ला केही हप्तामा कुनै असामान्य संघीय आप्रवासन प्रवर्तन गतिविधि भएको छैन। त्यहिपनि, हामीलाई थाहा छ कि हाम्रा समुदायका सदस्यहरू चिन्तित छन्। संघीय एजेन्सीहरूको गतिविधिहरूको सन्दर्भमा के अनुमति प्राप्त छन् भन्ने बारे जानकारी र समुदायका सदस्यहरूले कसरी प्रतिक्रिया गर्ने भन्ने बारे जानकारी कानूनी मामिलाहरूको कार्यालयको वेबसाईटमा छ। संक्षेपमा, वैध खोज वारेन्ट प्रस्तुत नभएसम्म, संघीय एजेन्टहरूले निजी आवासीय भवनहरू भित्र प्रवेश गर्न सक्दैनन् न त प्रयोगमा रहेका व्याख्यान हलहरू, कक्षाहरू, सम्मेलन वा बैठक कोठाहरूमा प्रवेश गर्न सक्छन्।

समुदायका सदस्यहरूले कुनै पनि अनियमित सूचना अनुरोध वा संघीय एजेन्टहरूद्वारा ठाउँहरूको भ्रमणको घटनामा (608) 263-7400 मा कानूनी मामिलाहरूको कार्यालयलाई सम्पर्क गर्नुपर्छ। फोन गर्दा हरेक दिन, चौबिसै घण्टा, सातै दिन कसै न कसैले फोन उठाउँछ।

**अगाडि बढ्ने क्रममा**

मार्गदर्शन जारी र स्पष्ट गरिने क्रममा, हामी नियमहरूको मूल्याङ्कन गर्न र सावधानीपूर्वक र विचारशील रूपमा प्रतिक्रिया दिन प्रयास गर्दैछौं। यस प्रयासलाई सहयोग गर्नको लागि, हामीसँग यहाँ र वाशिंगटन, डी.सी. मा विशेषज्ञहरूको टोली छ जसले सम्बन्धित परिवर्तनहरूलाई ट्र्याक र मूल्याङ्कन गर्दैछ र परिवर्तनशील परिदृश्यसँग सामना गर्दै र आउँदै गरेका आदेशहरू र निर्देशनहरूमा प्रभावकारी प्रतिक्रिया सुनिश्चित गर्दैछ। हामी *AAU*, *APLU*, *Big Ten* र अन्य यस्ता संघहरूमा जोडिएका छौं र हामी हाम्रा सहकर्मीहरूको कार्यहरूलाई नजिकबाट हेरिरहेका छौं। हामी हाम्रो संघीय सम्बन्ध वेबसाईटमा अद्यावधिकहरू, सामान्य प्रश्नहरूको उत्तर सहित, पोस्ट गर्न जारी राख्नेछौं। तपाईंले आफ्ना प्रश्नहरू universityrelations@mailplus.wisc.edu मा पनि पठाउन सक्नुहुन्छ।

यी निर्देशन र चुनौतीहरूको प्रतिकृया दिने क्रममा प्रशिक्षण, अनुसन्धान र सेवामा उत्कृष्टताको हाम्रो उद्देश्य प्रतिको हाम्रो प्रतिबद्धताका साथै त्यो उत्कृष्टतालाई समर्थन गर्ने मूल्यहरूप्रतिको हाम्रो प्रतिबद्धताद्वारा निर्देशित छौं र रहनेछौं। यसमा विविधता – पहिचानको विविधता र बौद्धिक विविधता *दुवै* – ले हामीलाई बलियो बनाउँछ भन्ने मान्यता समावेश छ; शैक्षिक स्वतन्त्रताप्रति हाम्रो गहिरो र स्थायी प्रतिबद्धता; र हाम्रो समुदायका सबै सदस्यहरूलाई आफ्नो पूर्ण क्षमतामा पुग्न सहयोग गर्ने साझा जिम्मेवारी छ भन्ने विश्वास समावेश छ। विस्कन्सिन विचार हाम्रो ध्रुवतारा बनेको छ। हामी विस्कन्सिन र बाहिरका सबै कुनाहरूमा ज्ञान, खोज र प्रेरणा ल्याउन जारी राख्नेछौं।

कुलपति Jennifer L. Mnookin

प्रोभोस्ट Charles Isbell Jr.